**निर्णयहरुः**

१. संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ भव्य तथा उल्लासमय वातावरणमा मनाउन सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा गठित मूल समारोह समितिले निर्णय गरे बमोजिम जिम्मेवारी दिइएका निकाय र पदाधिकारीहरुले उच्च प्राथमिकताका साथ आफ्नो उत्तरदायित्व पुरा गर्ने।

२. सम्माननीय प्रधानमन्त्रीज्यू, उपप्रधानमन्त्रीज्यू र माननीय मन्त्रीज्यूबीच आ.व. २०८१।८२ को लागि गरिने कार्यसम्पादन संझौताको ढाँचा सम्बन्धित मन्त्रालयहरुमा प्रेषित गरिएकोमा ढाँचामा तोकिएका कागजातहरुमा उल्लेख गरिएका विषयहरुका आधारमा तयार गरी सम्बन्धित मन्त्रालयहरुले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०८१।०५।१४ गते भित्र पठाउने।

३. मिति २०८१।४।१४ को सचिव बैठकको निर्णयानुसार संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धका विषयमा आवश्यक समन्वयका लागि सम्पर्क व्यक्ति तोक्न बाँकी रहेका संघीय, प्रदेश र स्थानीय निकायहरु र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ७ दिन भित्र सम्पर्क व्यक्ति तोकी पठाउने।

४. सम्बन्धित मन्त्रालय एवम् निकायहरुबाट हालको सरकार गठन भएको १०० दिनभित्र सम्पन्न गर्ने गरी प्रतिबद्धता जनाइएका कार्यक्रमहरुको कार्यान्वयनलाई अग्रावसर दिने।

५. बिभिन्न तहका अदालतको आदेशबाट माग भएका कागजातहरु न्याय, कानून तथा संसदीय मामिला मन्त्रालयमा र महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी समयमै उपलब्ध गराउनुका साथै फैसलाहरुको गम्भीरताका साथ शीघ्र कार्यान्वयन गर्ने।

६. सरकार प्रमुख र राष्ट्र प्रमुखको नामबाट हाल सञ्चालन भइरहेका योजना/ कार्यक्रमहरुको प्रभावकारिताका सम्बन्धमा पुनरावलोकन गर्ने र भविष्यमा सरकारप्रमुख र राष्ट्रप्रमुखको नामबाट नयाँ योजना तथा कार्यक्रमको प्रस्ताव नगर्ने।

७. बिभिन्न सेवा प्रदायक सरकारी निकायहरुबाट सम्पादन हुने सेवा प्रवाहलाई नागरिक एपसँग समेत अन्तरआबद्धता गर्न सञ्चार तथा सूचना प्रबिधि मन्त्रालयले प्रक्रिया र प्रणालीको व्यबस्था गर्ने।

८. निजामती कर्मचारी सरुवा सम्बन्धी मापदण्डलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अन्तिम रुप दिई आगामी सचिव बैठकमा पेश गर्ने।

९. सम्मानित सर्वोच्च अदालतसँग समन्वय गरी विभिन्न अदालतबाट भएका फैसला कार्यान्वयनका सम्बन्धमा अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्ने।

२०८१।५।११

मुख्य सचिव